# राष्ट्रिय गान

सयौं थुङ्गा फुलका हामी एउटै माला नेपाली
सर्वभौम मै फैलिएका मेची महाकाली ॥

प्रकृतिका कोटी–कोटी सम्पदाको आँचल
वीरहरुको रगतले स्वतन्त्र र अटल ॥

ज्ञानभूमि शान्तिभुमि तराई, पहाड, हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभुमि नेपाल ॥

बहुलजाति, भाषा, धर्म, संस्कृति छन् विशाल
आग्रगामी राष्ट्र हाम्रो जय जय नेपाल ॥

# सहकारीका सात सिद्धान्तहरुः

१. स्वेच्छिक तथा खुल्ला सदस्यता

२. सदस्यहरुद्वारा प्रजातान्त्रिक नियन्त्रण

३. सदस्यहरुको आर्थिक सहभागिता

४. स्वयतता र स्वतन्त्रता

५. शिक्षा, तालिम तथा सूचना

६. सहकारी संस्थाहरुबीच पारस्परिक सहयोग

७. समुदाय प्रतिको चासो

# १६ औ बार्षिक साधारण सभा
# १५ कार्तिक २०८२

## बिषयसुची


| | | पेज नं. |
|---|---|---|
| १. | १६ औ बार्षिक साभारणसभा सम्बन्धी सुचना | १ |
| २. | संस्थाको संक्षिप्त परिचय | २ |
| ३. | सदस्यहरुको काम कर्तब्य र अधिकार | ३ |
| ४. | सञ्चालक समितिको तर्फबाट अध्यक्षद्धारा प्रस्तुत  बार्षिक प्रतिबेदन | ४ |
| ५. | आ.ब.२०८२/२०८३ को निति तथा कार्यक्रम | ८ |
| ६. | आ.ब.२०८१/०८२ को कोषाध्यक्ष को आर्थिक प्रतिबेदन | १३ |
| ७. | लेखा सुपरिबेक्षण समितिको प्रतिबेदन | १६ |
| ८. | स्वतन्त्र लेखा परिक्षकको प्रतिबेदन | १९ |
| ९. | वासलात बिबरण | २१ |
| १०. | नाफा नोक्सान बिबरण | २२ |
| ११. | नगद प्रवाह बिबरण | २३ |
| १२. | वासलात तथा नाफा नोक्सान खातासंग सम्बन्धित अनुसुचीहरु | २४ |
| १३. | नाफा बाँणफाण हिसाब | ३१ |
| १४. | प्रमुख लेखा निति तथा टिप्पणी | ३२ |
| १५. | आ.ब.२०८२।२०८३ को लागी बजेट | ४५ |
| १६. | संस्थाले हालसम्म गरेको कारोबार तथा साधारण सभाहरु | ५१ |
| १७. | टिप्पणी | ५२ |

Trade SAVING
AND CREDIT CO-OPERATIVE LIMITED
ट्रेड बचत तथा ऋण सहकारी संस्था लिमिटेड

दर्ता नं.: २९४४/०६६/०६७

श्री शेयर सदस्य ज्यू                                                                मितिः २०८२/०४/३०

...........................

विषयः संस्थाको सोहौ वार्षिक साधारण सभामा उपस्थितिको लागि अनुरोध गराइएको बारे ।

महोदय,

यस ट्रेड बचत तथा ऋण सहकारी संस्था लिमिटेडको मिति २०८२/०४/२२ मा बसेको संचालक समितिको बैठकले निर्णय गरे अनुसार यस संस्थाको वार्षिक साधारण सभा निम्न स्थान मिति र समयमा हुने भएको हुँदा उक्त मितिमा हुने बार्षिक साधारण सभामा उपस्थित भई संस्थाको साधारणसभाको दर्ता किताबमा आफ्नो नाम दर्ता गरि बार्षिक प्रतिबेदन लिने र आफ्नो केहि सुझाब एबम् जिज्ञासा भए लिखित रुपमा दिनुहुन समेत हार्दिक अनुरोध गरिन्छ ।

वार्षिक साधारण सभा सम्बन्धि कार्यक्रमः
स्थान : कुण्डालिनी दरबार बैङक्ब्वेट, धुम्बाराही काठमाडौं ।
मिति : २०८२/०७/१५ गते शनिबार ।
समयः विहान ९:०० बजे ।

साधारण सभाका विषयहरुः

१) संचालक समितिका तर्फबाट अध्यक्षज्यूको आ.ब.२०८१/०८२ को बार्षिक प्रतिवेदन छलफल गर्ने सम्बन्धमा ।
२) कोषाध्यक्षको तर्फबाट लेखापरिक्षण प्रतिवेदन प्रस्तुत र छलफल गर्ने सम्बन्धमा ।
३) कार्यकारी अधिकृत ज्यूबाट आ.ब. २०८१/०८२ को प्रस्ताबित नीति तथा कार्यक्रम सहित बजेट प्रस्तुत र छलफल सहित अनुमोदन गर्ने सम्बन्धमा
४) लेखा सुपरिबेक्षण समितिको प्रतिवेदन प्रस्तुत गर्ने सम्बन्धमा ।
५) आ.ब. २०८२/०८३ को लेखापरिक्षक नियुक्ति र निजको पारिश्रमिक तय गर्ने ।
६) संञ्चालक समितिका निर्णयहरु अनुमोदन गर्ने ।
७) संस्थाद्वारा आ.ब. २०८१/०८२ को कोष बितरण तथा संचालक समितिको निर्णय बमाजिम (प्रस्ताबित) लाभांश पारित गर्ने सम्बन्धमा ।
८) संस्थाको बिनियम संसोधन मार्फत संस्थाको छाप परिवर्तन गर्ने सम्बन्धमा ।
९) साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्न साधारण सभाबाट प्रतिनिधि चयन गर्ने ।
१०) बिविध

अरुण डंगोल
(सचिव)

# संस्थाको संक्षिप्त परिचय

| | | |
|---|---|---|
| संस्थाको नाम | – | ट्रेड बचत तथा ऋण सहकारी संस्था लि.। |
| कार्यलयको ठेगाना | – | का.म.न.पा.०२ लाजिम्पाट काठमाण्डौ । |
| संस्थाको स्थापना | – | २०६६/११/२५ |
| दर्ता न./कार्यलय | – | २९४४/०६६/०६७ |
| टेलिफोन न. | – | ०१४५७११६ /०१४५४१९३२ |
| Email | – | tradesaving066@gmail.com/ info@tradesaving.com.np |
| Website | – | tradesaving.com.np |
| स्थापनाकालको शेयर पुँजी | – | रु. ६,२५,०००/– (स्थापनाकालमा ) |
| शेयर सदस्य | – | २५ (स्थापनाकालमा ) |
| कार्यक्षेत्र | – | का.म.न.पा.भरी र टोखा न.पा. |
| आवद्धता | – | काठमाण्डौ जिल्ला सहकारी संघ |
| | – | राष्ट्रिय सहकारी बैक |
| | – | नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लि. (नेफ्स्कून) |

**२०६६/११/२५** मा डिभिजन सहकारी कार्यलय काठमाण्डौ मा दर्ता भएको यस ट्रेड बचत तथा ऋण सहकारी संस्था लि. का.म.न.पा. ०२ लाजिम्पाट काठमाण्डौ मा अवस्थित रहेको छ । स्थापनाकालमा २५ जना सदस्यहरुबाट ६,२५,०००/– शेयर पुँजीबाट सुरु भएको संस्था हो । मुख्यतया बचत तथा ऋण कारोबारको लागि स्थापना भएको संस्था स्थापनाकालमा का.म.न.पा.को केहि ४ बटा बडा र साबिक धापासी गा.बि.स.गरी सुरु गरिएको संस्था हाल का.म.न.पा.भरी र टोखा न.पा. भर आफ्नो कार्यक्षेत्र बनाउदै क्रमिक रुपमा सदस्य थप गदै आफ्नो सेवा बिस्तार गदै अगाडी बढेको संस्था हो । संस्थामा सदस्यहरुलाई बचत का बिभिन्न शिर्षकमा बचत गर्ने बानी गराउदै सदस्यहरुको माग बमोजिम बिभिन्न शिर्षकमा कर्जा समेत दिई सदस्यको आम्दानी बढाउन प्रेरित गरिराखेको छ । स्थापनाकाल देखिनै सदस्यहरुको बचतलाई सुरक्षित रुपमा लगानी गरी प्रत्येक बर्ष शेयर सदस्यहरुलाई बोनसको रुपमा राम्रो प्रतिफल दिन सफल भएका छौ । संस्थाले बिभिन्न समयमा कर्मचारी हरुको क्षता अभिबृद्धिका लागि बिभिन्न तालिम तथा गोष्टिमा सहभागी गराउदै आएको छ ।साथै बिभिन्न चरणमा सदस्यहरुलाई समेत संस्थाले तालिम प्रदान गदै आइरहेको छ । सदस्यहरुको सेवामा समर्पित हुदै बिशेषत सदस्यहरुको बचतलाई सुरक्षित लगानी गर्ने उद्देश्यका साथ अगाडी बढीरहेको यस संस्था सदस्यहरुको सेवामा सधै तत्पर रहने छ ।

# सदस्यको कर्तव्य तथा दायित्व :

१) जुन व्यवसाय वा परियोजनाको लागि ऋण लिएको हो, सोहि व्यवसायमा लगाउनु सदस्यको कर्तव्य हुनेछ ।

२) नियमित रुपमा संस्थामा आई सुचना लिनु सदस्यको कर्तव्य हुनेछ ।
समितिले मनोनयन गरेका सल्लाहकार, उपसमिति तथा विभिन्न कार्यदलमा रहि कार्य गर्नु सदस्यको कर्तव्य हुनेछ ।

३) एक पालिका भित्रको एक विषयको एक मात्र सहकारीको सदस्य बन्ने सदस्यको कर्तव्य हुनेछ ।

४) सदस्य पहिचान फारम (KYM) तोकिएको समयमा अध्यावधिक गराउनु सदस्यको कर्तव्य हुनेछ ।

५) विना सुचना ३ वर्ष सम्म वार्षिक साधारण सभामा उपस्थित नहुँदा एंव ३ वर्ष सम्म नियमित रुपमा मासिक बचत नगरेमा सदस्य बाट निस्कान हुने कुरा जानकारी लिनु सदस्यको कर्तव्य हुनेछ ।

६) सहकारी सिद्धान्त, मूल्यमान्यता, सहकारी ऐन नियमावली र संस्थाको विनियम, नीति तथा कार्यविधी पालना गर्नु सदस्यको कर्तव्य हुनेछ ।

७) वार्षिक साधारण सभामा सहकारी सम्बन्धी तालिमको लागि नाम टिपाउनु सदस्यको दायित्व हुनेछ ।

८) समितिले दिएको जिम्मेवारी तोकिएको समयमा पुरा गर्नु सदस्यको दायित्व हुनेछ ।

९) लामो समय सम्म संस्थाको कार्यक्षेत्र भन्दा अन्यत्रै जानुपरेको अवस्था र कुनै कारणले आफ्नो ठेगाना वा सम्पर्क नम्बर परिवर्तन भएको अवस्थामा संस्थामा सूचना गराउनु सदस्यको दायित्व हुनेछ ।

१०) वार्षिक साधारण सभा एवं निमन्त्रणा गरिएको बैठकहरुमा उपस्थित हुन नसकेको अवस्थामा संस्थामा जानकारी गराउनु सदस्यको दायित्व एवं कर्तव्य हुनेछ ।

# सदस्यको अधिकार

१) आफ्नो शेयर खाता, बचत खाता तथा ऋण खाताको हिसाब बिवरण हेर्न पाउने सदस्यको अधिकार हुनेछ ।

२) संस्थाको वार्षिक साधारण सभा तथा विभिन्न बैठकहरुको सूचना तथा निर्णयहरु थाहा पाउनु सदस्यको अधिकार हुनेछ ।

३) संस्थाले निर्णय गरि सार्वजनिक गरेको बचत तथा ऋणको ब्याजदर तथा वार्षिक साधारण सभाले निर्णय गरेको लाभाशं र संरक्षित पूँजीफिर्ता कोष प्राप्त गर्नु सदस्यको अधिकार हुनेछ ।

४) एक व्यक्ति एक मतका आधारमा विभिन्न सभा तथा बैठकहरुमा मताधिकार गर्ने सदस्यको अधिकार हुनेछ ।

५) सञ्चालक समितिले सदस्यलाई कुनै कारणले निष्काशन वा कार्वाही गरेको अवस्थामा सो उपर आवश्यक छानविनको लागि निवेदन गर्न पाउनु सदस्य स्वयंको अधिकार हुनेछ ।

# ट्रेड बचत तथा ऋण सहकारी संस्था लि.
# का.म.न.पा.२ लाजिम्पाट
# सञ्चालक समितिको तर्फबाट अध्यक्षद्धारा प्रस्तुत बार्षिक प्रतिबेदन



अमुल श्रेष्ठ
अध्यक्ष

ट्रेड बचत तथा ऋण सहकारी संस्थाको यस गरीमामय १६ औं वार्षिक साधारण सभामा संस्थाको सञ्चालक समितिको अध्यक्षतर्फबाट यस सभामा उपस्थित हुनु भएका प्रमुख अतिथि ज्यु, बिशिष्ट अतिथि ज्यू ,अतिथि ज्यूहरु,सञ्चालक समितिका पदाधिकारी ज्यूहरु, लेखा सुपरिबेक्षण समिति, बिभिन्न उपसमितिका पदाधिकारी ज्यूहरु, सल्लाहाकार ज्यूहरु,सम्पुर्ण कर्मचारीहरु, शुभचिन्तकहरु लगायत यस संस्थामा आवद्ध भई आजको यस गरिमामय साधारण सभामा उपस्थित सम्पुर्ण शेयर सदस्य महानुभावहरुमा हार्दिक स्वागत एवं अभिवादन व्यक्त गर्दै सञ्चालक समितिको तर्फबाट आ.व. २०८१/८२ प्रतिवेदन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**आदरणीय शेयर सदस्यमहानुभावहरू,**

यस संस्थाले सदस्यहरुको आर्थिक, सामाजिक र सांस्कृतिक स्तर अभिवृद्धि गरि समुन्नत समाजको निर्माण गर्ने लक्ष्य राखेको संस्थाले चार बर्षे रणनीतिक व्यवसायिक योजनाबाट “सदस्यहरुमा उत्कृट बित्तिय सेवा प्रदायक हाम्रो समुदायको सवल सहकारी संस्था” को परिकल्पना गरेको छ । संस्था विकासका क्रममा हामीसंग धेरै सवल पक्ष तथा सुधार गर्ने विषयका साथ–साथै विभिन्न अवसर तथा चुनौतीहरु रहेका छन् । सबल पक्षको रक्षा गर्दै कमी कमजोरी सच्याउदै बाधा अड्चन र चुनौतीहरुको सामना गर्दै अवसरहरुलाई समय सापेक्ष अंगिकार गरी अगाडी बढिरहेको गर्विलो इतिहासको साक्षी हामी सबै छौं । सहकारीको यहि गर्विलो र ओजस्वी इतिहासलाई नै निरन्तरता दिनका लागि ट्रेड साकोसको सञ्चालक समिति क्रियाशिल रहेको छ । संस्थाको साखमा इट्टा थप्दै सफलताको थप उच्चाईमा पुर्‍याउनका लागि सल्लाहकार, बुद्धिजिवी, अग्रज, सरकारी तथा गैरसरकारी संघ/संस्था, शेयर सदस्य तथा कर्मचारीहरुबाट भरपुर साथ र सहयोगको अपेक्षा गर्दै सहयोगी मनहरु प्रति संस्था सधै ऋणी रही रहेको छ र रहिरहनेछ । हामीले संस्थालाई सहकारी सिद्धान्त, मुल्य मान्यता र आर्दश अनुसार सञ्चालन गर्ने प्रतिवद्धता गरेका छौं । समय सापेक्ष संस्था सञ्चालनका नीति तथा कार्यविधिहरुमा परिमार्जन तथा अद्यावधिक गर्दै कार्यविधि निर्माण गरी सुशासन कायम राख्न प्रयत्न गरेका छौं । कारोबारलाई सुस्त पारदर्शी र प्रविधियुक्त कारोबार सञ्चालन गरेका छौं ।

**शेयर सदस्य महानुभावहरू,**

यस ट्रेड साकोसले संस्थागत सुशासन, सदस्यहरूको बचतको सुरक्षा, सुरक्षित लगानी र जोखिम न्यूनीकरण तथा सहकारीको सिद्धान्त र मूल्यहरूलाई प्राथमिकता दिई विकास गरिएको प्रणालीलाई सदैव अवलम्बन गरी आफ्नो जिम्मेवारीको पालना गर्ने र जवाफदेहिता वहन गर्ने मान्यता लिँदै आएको छ । साथै, संस्थाले रणनीतिक व्यवस्थापन पद्धति, व्यावसायिक कार्य पद्धतिको आधारमा निरन्तर परिष्कृत पद्धतिको अवलम्बन, कार्यसम्पादन, विकास, अनुसरण, व्यवस्थापन सदस्यहरूबीचको सुमधुर सम्बन्ध, सदस्यहरूमा भेदभाव रहित ढंगबाट सेवामा पूर्ण रूपमा समर्पण जस्ता मूल्य र मान्यताको सम्बर्द्धन गरी अघि बढ्ने प्रण यहाँहरू माफ हामी गर्दछौ । त्यसैगरी संस्थागत सुशासनले परिकल्पना गरेको पदीय नैतिकताको परिपालना तथा स्वार्थ बाझिने अवस्थाको उचित व्यवस्थापन हुने गरी सञ्चालक समितिका सबै सदस्यहरूले संस्थासंग सरोकार राख्ने सबै प्रकारका गतिविधि तथा क्रियाकलापमा संयमता कायम गर्दै आउनु भएको छ र यस विषयमा सञ्चालक समिति सदैव संवेदनशील र सचेत रहेको छ । समय सापेक्ष संस्था सञ्चालनका नीति तथा कार्यविधिहरुमा परिमार्जन तथा अद्यावधिक गर्दै सुशासन कायम राख्ने,संस्थाले सदस्यहरुको कारोबारलाई समय सापेक्ष प्रबिधिमा मैत्री पारदर्शी कारोबारलाई ध्यान दिदै मोबाएल बैकिङ सेवा लाई थप बिश्वाशिलो झन्झट रहित बनाइने छ । संस्थामा कारोबार गर्ने शेयर सदस्य मध्येबाट नियमीत बचतकर्ता उत्कृष्ट ऋणी लाई सम्मान कार्यक्रमलाई निरन्तरता दिइनेनै छौ । बिभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने नीति अवलम्बन गरेका छौं । संस्थालाई चुस्त, दुरुस्त र पारदर्शी ढंगले संचालन गरि सदस्यहरुलाई प्रविधियुक्त गुणस्तरीय र प्रतिस्पर्धी सेवा प्रदान गर्ने उद्देश्यले व्यवसायिक, सक्षम र दक्ष कर्मचारीको व्यवस्थापन गरिएको छ । सदस्यहरुको सेवालाई छिटो छरितो ढंगले सम्पादन गर्न तथा उत्कृष्ट र गुणस्तरिय सेवा प्रदान गर्न चुनौतीपूर्ण वातावरण भएता पनि चुनौतीलाई पार गर्न प्रत्येक सदस्यको साथ, सुझाव, सर्मथन तथा विश्वास निरन्तर रुपमा पाइरहने विस्वास लिएका छौं । हामी सुधार र प्रगतीको पथमा अग्रसर छौं ।

समग्र अर्थतन्त्रको संक्षिप्तमा समीक्षा गर्नु पर्दा नेपाल राष्ट्र बैंकले जारी गरेको निर्देशिका, नेपाल सहकारी प्राधिकरण ले बिभिन्न समयमा जारी गरेका निर्देशिकाहरु सहकारीका विभिन्न सरोकारवाला निकायहरूद्वारा प्रकाशित प्रतिवेदन अनुसार विश्व अर्थतन्त्रले लिएको कसिलो मौद्रिक नीतिका बाबजुद अर्थतन्त्रमा अनुमान गरिए भन्दा सुधार देखिएको छ । उपरोक्त पृष्ठभूमिको आधारमा यस संस्थाको लागि आ.व. २०८२/८३ थप सुधारात्मक र प्रगति उन्मुख रहने विश्वास गर्न सकिन्छ । सञ्चालक समितिको मान्यता सहकारीको नैतिक मुल्य अन्तर्गत पर्ने इमान्दारिता र पारदर्शितालाई यस संस्थाले सर्वोपरि ठानी सोही बमोजिम कार्यहरु गर्दै आइरहेको छ । हामी पूर्णरुपमा पारदर्शी हुँदै खराब भएका ऋणहरुको जोखिम कोष व्यवस्था र जगेडा कोषलाई मापदण्ड बमोजिम बनाउने योजनामा अगाडी बढेका छौं । यस संस्थाको पहिलो प्राथमिकता भनेको सदस्यहरुको हित र सदस्यहरुको सम्पत्तिको सुरक्षा गर्नु हो तसर्थ संस्थाले यी दुई कोषलाई मजबुत बनाएर संस्थालाई र सदस्यहरुको सम्पत्तिलाई सुरक्षित र संस्थालाई उत्कृष्ट संस्थाको रुपमा स्थापित गर्ने योजनामा अगाडी बढ्दै गरेको कुरा मेरो प्रतिबद्धता का साथ यस गरिमामय सभामा व्यक्त गर्न चाहान्छु ।

आर्थिक क्षेत्रमा देखिएको प्रतिकुल प्रभाव अझै पनि पूर्ण रुपमा समाप्त भैसकेको छैन । बैंकिङ क्षेत्रमा तरलता अधिक रहेको भएतापनि व्यावसायिक क्षेत्रमा देखिएको शिथिलताको कारण उत्पादनशील क्षेत्रको ऋण लगानीमा सहजता छैन । कतिपय विगतका असल ऋण कारोबारी सदस्यहरुको समेत ऋण असुलीमा कठिनाई महसुस गरिएको छ । केही सहकारीहरुका सञ्चालक र व्यवस्थापनमा रहेका व्यक्तिहरुको गलत कामले गर्दा नीति, विधिमा चलेका सहकारीहरूलाई पनि आम नागरिकको हेर्ने दृष्टिकोण सकारात्मक छैन । त्यसैले सहकारी क्षेत्रमा अझैपनि थुप्रै चुनौतिहरू रहेका छन् । जहाँ चुनौतिहरु हुन्छन त्यहाँ अवसरहरु पनि अवश्य हुन्छन । हामीलाई थाहा छ, गलत बाटोमा हिडेर कहिल्यै पनि सही गन्तव्यमा पुग्न सकिदैन । यो सर्वमान्य सिद्धान्त हो र यसमा हामी दृढ छौं । क्षणिक लाभ र गलत मनसायले प्रेरित भई सञ्चालन गरेका कतिपय संस्थाहरु अझैपनि धरासायी हुँदै जाने छन् तर हामी हाम्रो गन्तव्यमा निरन्तर अगाडि बढीरहेका छौं र बढीरहने छौं ।

**सदस्य महानुभावहरू,**

अब यहाँहरु समक्ष २०८१/०८२ मा संस्थाले गरेका प्रगति बिबरण र अन्य गतिबिधिलाई प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

१) संस्थाको शेयर पूँजी यस आ.ब.मा रु.४,०४,८६,७००/— (अक्षरुपी चार करोड चार लाख छयासी हजार सात सय रुपैया मात्र) पुगेको जानकारी गराउँदछु ।

२) ऋण लगानी तर्फ यस आ.ब.मा ६०,६७,७४,०८७।४७/— (अक्षरुपी साठी करोड सड्सठी लाख चौरहत्तर हजार सतासी रुपैया चौरहत्तर पैसा मात्र ) पुगेको जानकारी गराउँदछु ।

३) खुद बचत तर्फ यस आ.ब.मा रु ५६,६२,६७,८५२।५३/— (अक्षरुपी छपन्न करोड बैसठी लाख सड्सठी हजार आठ सय बाउन्न रुपैया त्रिपन्न पैसा मात्र) पुगेको जानकारी गराउँदछु ।

४) जगेडा कोष तर्फ यस आ.ब.मा रु.३,१९,१३,६६५।९७/—(अक्षरुपी तिन करोड उन्नाइस लाख तेह्र हजार छ सय पैसठी रुपैया सन्तानब्बे पैसा मात्र ) पुगेको जानकारी गराउँदछु ।

६) यस आ.ब.को अन्त्य सम्म जम्मा सदस्य संख्या १२७३ जना पुगेको छ ।

७) राट्रिय सहकारी नियमन प्रधिकरण, सहकारी बिभाग तथा नेपाल राट्रिय बैक ले समयसापेक्ष जारी गरेको निर्देशन निर्देशिका, सम्पति शुद्धिकरण निवारण सम्वन्धि निर्देशन अनुरुप नै संस्थाले नीति नियमहरु आत्मासाथ पालना गरेको जानकारी गराउँदछु ।

सदस्य, महानुभावहरु,

अब म यहाँहरु समक्ष संस्थाले आ.ब.२०८१।०८२ मा सम्पन्न गरेको बिविध गतिबिधिहरु प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

## तालिम, गोष्ठी, भ्रमण तथा अन्तरक्रिया

क) सहकारीको बर्तमान चुनौती तथा समसामयीक बिषयगत अन्तरक्रिया कार्यक्रम संस्थाको संञ्चालक समिति ,लेखा सुपरिबेक्षण समिति ,बिभिन्न उपसमिति ,शेयर सदस्य र कर्मचारीहरु तलिम तथा गोष्ठी सहकारी बिज्ञ कुबेर निरौला को प्रशिक्षमा २०८१ माघ २६ मा सम्पन्न भएको थियो ।

ख) नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लि. (नेफ्स्कुन) द्धारा आयोजित सहकारीका साझा सवाल सम्बन्धी सचेतना कार्यक्रममा संस्थाका कर्मचारी पोषण पोख्रेल (पुजन)ले २०८१ कार्तिक १३ मा सक्रियता पुर्वक सहभागीता जनाउनु भएको थियो ।

ग) नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लि. (नेफ्स्कुन) द्धारा आयोजित ऋण असुली कानुनी प्रकृया सम्बन्धी तालिममा संस्थाका कर्मचारी सुन्दर पाण्डे ले २०८१ माघ १५ मा सक्रियता पुर्वक सहभागीता जनाउनु भएको थियो ।

## सुचना तथा प्रकाशन

क) संस्थामा सदस्य वडापत्रको ब्यवस्थागरी सम्पूर्ण सदस्यज्यूहरुलाई संस्थाको सेवा एवम् समय सम्बन्धमा जानकारी गराइएको छ ।

ख) बार्षिक नियमित रुपमा प्रकाशित टेवल क्यालेन्डर यस बर्ष समयमा नै प्रकाशित गरी सम्पूर्ण सदस्यहरुलाई बितरण गराइएको छ ।

ग) संस्थाले सम्पन्न गरेका बिबिध कार्यक्रमहरु एबम् गतिबिधिहरु संस्थाको सुचनापाटी तथा संस्थाको आधिकारीक फेसबुक पेज तथा संस्थाको वेवसाइड बाट पनि सुचना प्रवाह हुने समेत जानकारी गराउदछु ।

## अन्त्यमा

यस सहकारीलाई समुदायको पहिलो रोजाईको संस्थाको रुपमा स्थापित गर्नका लागि भावना र मर्मलाई आत्मसात् गर्दै आफ्नो परिवार, इष्टमित्र, छरछिमेकी र साथीभाइहरूलाई ट्रेड साकोसको शेयर सदस्यको रुपमा आवद्ध हुन र बचत, ऋण, विविध शुल्क भुक्तानी लगायतका सम्पूर्ण आर्थिक कारोबारहरु ट्रेड साकोसबाट नै गर्न, गराउन सम्पूर्णमा विनम्र अनुरोध गर्दछु । संस्थाले आर्जन गरेको उत्कृष्ट छबीलाई जोगाइराख्न सबै पक्षको सहयोगको अपेक्षा सहित संस्थालाई समुदायको पहिलो रोजाई टेड्र सहकारी को रुपमा स्थापित गराउनको लागी बिश्वासका साथ सम्पूर्ण शेयर सदस्यज्यूहरू, सञ्चालक समितिका सहकर्मी साथीहरू, लेखा सुपरिवेक्षण समितिका संयोजक एवम् सदस्यज्यूहरु, सल्लाहकारज्यूहरु, प्रमुख कार्यकारी अधिकृत, संस्थाका कर्मचारी मित्रहरू र शुभेच्छुक सबै जनालाई धेरै धेरै धन्यवाद व्यक्त गर्दछु ।

धन्यवाद !

जय सहकारी ॥

# ट्रेड बचत तथा ऋण सहकारी संस्था लि.
# का.म.न.पा.२ लाजिम्पाट
# संस्थाको तर्फबाट प्रमुख कार्यकारी अधिकृत द्वारा प्रस्तुत कार्यक्रम



चन्द्र प्रसाद निरौला
प्रमुख कार्यकारी अधिकृत

यस, यस ट्रेड बचत तथा ऋण सहकारी संस्थाको १६ औं वार्षिक साधारण सभामाको आदरणीय सभापति ज्यु यस सभामा उपस्थित हुनु भएका प्रमुख अतिथि ज्यु, बिशिष्ट अतिथि ज्यू, अतिथि ज्यूहरु,सञ्चालक समितिका पदाधिकारी ज्यूहरु, लेखा सुपरिबेक्षण समिति, बिभिन्न उपसमितिका पदाधिकारी ज्यूहरु, सल्लाहाकार ज्यूहरु, सम्पुर्ण कर्मचारीहरु, शुभचिन्तकहरु लगायत यस संस्थामा आवद्ध भई आजको यस गरिमामय साधारण सभामा उपस्थित सम्पुर्ण शेयर सदस्य महानुभावहरुमा हार्दिक स्वागत एवं सहकारी अभिवादन व्यक्त गर्दछु ।

**सदस्य महानुभावहरू**

यस ट्रेड बचत तथा ऋण सहकारी संस्थाको १५ बर्ष पार गरी १६ औ बर्षमा आईपुग्दा हामी एकदमै उत्साहित भएका छौ । १६ बर्षमा आईपुग्दा यहाँहरुले दिनुभएको साथ सहयोग,बिश्वासले गर्दा नै हामी निरन्तर अगाडी बढीरहेको छौ । यहाँहरुकै सहयोगको कारणले यो संस्थाले आगामी दिनहरुमा पनि थप प्रगति हाँसिल गर्न सक्षम हुनेछ भन्ने बिश्वास लिएको छु । तपाई हामीले बिगत १५ बर्ष देखी संस्था ,सदस्य र हाम्रो भबिस्य उज्वल बनाउने सामुहिक अभियानमा लागेका छौ । गत बर्ष के कति उपलब्धीहरु हाँसील हुन सके र आगामी दिनमा के कस्तो उपलब्धी हाँसील गर्नै भन्ने बारेमा ब्यापक छलफल र अध्यान पश्चात् गत बर्षको वार्षिक आर्थिक बिबरण तथा आ.ब.२०८२/०८३ का लागी बार्षिक भाबी कार्यक्रम तथा बजेट लिएर तपाँइहरुको माझमा उपस्थित भएका छु । र यस गरिमामय सभामा प्रतिबेदन पेश गर्नै अनुमति चाहान्छु ।

बैंक तथा वित्तिय संस्थाहरुमा अत्याधिक तरलता भएता पनि ऋण लगानी हुन नसकेको अवस्थामा बजारमा नगद परिचालन नगन्य रुपमा मात्र भएको छ । नगद परिचालन नै नहुँदा बजारमा पनि आर्थिक संकट देखिएको र समग्र देशकै अर्थतन्त्रमा आर्थिक समस्या देखिएको अवस्थाका रहेको छ । बैंक तथा वित्तिय संस्थाहरु अत्याधिक तरलता भएको कारण बचतमा व्याजदर एकदमै न्यून गरेको छ तथापी हामी सदस्य केन्द्रित संस्था भएको हुनाले बैंक वित्तिय संस्थाहरुले जसरी व्याज घटाउन सक्दैनौ । हामीले व्याजदर धेरै घटाउँदा सदस्यहरुलाई प्रत्यक्ष असर पर्ने भएको हुनाले बजारको व्याजदर भन्दा केही बढिनै व्याजदर प्रदान गर्दै आइरहेका छौ तर संस्थामा पर्याप्त तरलता हुँदा पनि ऋण लगानी बृद्धि गर्न नसक्दा हामीले तरलतामा बैंक वित्तिय संस्थामा निकै कम व्याजमा बचत गर्नु परेको हुनाले हामीले सोचेजस्तो नाफा गर्न सकेनौ । तथापी नाफा घाटाको पर्वाह नगरी हामीले सदस्यहरुलाई उचित सेवासुविधा बिश्वास प्रदान गर्दै आइरहेका छौं । संस्थाले पर्याप्त तरलताको

व्यवस्था गरेको भएता पनि भोलीको दिनमा देशको अर्थ व्यवस्था के हुने भन्ने विषयमा अन्योल भएको हुनाले आजको दिनमा सदस्यहरुलाई नियन्त्रण ढंगले ऋण लगानी गर्नु परेको अवस्थाका कारण पनि यस वर्षको आम्दानीमा प्रत्यक्ष असर हुने देखिएको छ । अर्को चुनौती भनेको देशको अर्थतन्त्रको तीन खम्बा मध्ये एक खम्बा यानी सिंगो सहकारी अभियानको छविमा परेको नकारात्मक प्रभाव परेको समुदाय र सदस्य केन्द्रित हुनुपर्ने संस्था केवल सिमित व्यक्ति केन्द्रित भएको कारण सहकारी क्षेत्रमा यो विकराल अवस्था आएको हो । सहकारी संस्थाले बचतमा प्रदान गर्ने व्याज बजारको अवस्था बमोजिम कायम गर्नु पर्छ तर ऋण लगानीमा सन्दर्भ व्याजदरले गर्दा हामी नियन्त्रित भएका छौं । हामी बचत तथा ऋण सहकारीहरु भनेको आर्थिक कारोवार गर्ने संस्था हो र यो सबै भन्दा जोखिमपूर्ण व्यवसाय गर्ने संस्था हो । हामीले सदस्यहरु संग आर्थिक कारोवार गर्छौं, सदस्यहरु संग बचत संकलन गरि सोही बचतलाई सदस्यहरुमाझ ऋण लगानी गर्छौं । यस कारण हाम्रो जस्तो संस्था संचालन गर्न पारदर्शिता र इमान्दारिता सबैभन्दा मुख्य कुरा हो । हामी आर्थिक कारोवार गर्ने संस्था आर्थिक अनुशासनमा बस्नु जरुरी छ । नियम संगत रुपमा संचालित सहकारीहरुले सदस्यहरुको बचतको सुरक्षाको विषयमा विशेष ध्यान दिएको हुन्छ, तरलताको उचित तथा समयानुकुल व्यवस्थापन तथा नियम संगत संचालित सहकारीहरुमा कुनै प्रकारको समस्या छैन तथापी सदस्यहरुको विश्वासको खडेरी सिंगो सहकारी अभियानमा परेको छ । सहकारी अभियान प्रति डग्मगाएको सदस्यहरुको विश्वासलाई अटल बनाउनको निमित्त सम्पूर्ण सहकारीहरु तथा अभियानले सदस्य पहिचान तथा सदस्य शिक्षालाई जोड दिनुपर्ने हुन्छ । हामीले संस्थालाई सहकारी सिद्धान्त, मुल्य मान्यता, सहकारीको आदर्श तथा समय समयमा भएको सहकारी विभागको अनुगमन तथा निर्देशन अनुसार सञ्चालन गरिरहेको विषय यहाँहरुमा सहर्ष जानकारी गराउँदछु । साथै भविष्यमा पनि यसरी राम्रो सँग संचालन गर्ने प्रतिवद्धता पनि व्यक्त गर्दछु । हामीले वर्तमान परिपेक्षमा चलिरहेको अस्वस्थ प्रतिस्पर्धाबाट अलग रही एउटा स्वस्थ प्रतिस्पर्धाको सिद्धान्त अँगाली नियम अनुसार आफ्ना सदस्यहरु तथा समाजप्रति उत्तरदायित्व निर्वाह गर्ने उद्देश्य सहित आज हाम्रो संस्था सफलताका साथ अगाडि बढिरहेको निवेदन गर्दछु । तथापी अस्वस्थ प्रतिस्पर्धाले गर्दा धरै चुनौतीहरुको सामना गर्नु परिरहेको अवस्थामा सहकारी विभाग, राट्रिय सहकारी नियमन प्रधिकरण ले तोकेको बचत संकलन ऋण लगानीमा तोकिएको सन्दर्भ ब्याजदरमा हामीले ऋण लगानी गर्नुपर्ने हुन्छ । यस कारण संस्थाले बचतको ब्याजदरमा पनि केही समायोजन गर्नुपर्ने हुन्छ । तसर्थ म सम्पूर्ण सदस्यज्यूहरुलाई के आग्रह गर्न चाहन्छु भने बचतमा असान्दर्भिक र अस्वाभाविक ब्याजदर यदि कनै संस्थाले प्रदान गर्छ भने सम्पूर्ण सदस्यहरुले बिचार पुऱ्याउनु पर्ने हुन्छ । सदस्यहरुको पुँजीको सुरक्षा र अधिकतम लाभका लागि संस्थाले सदैव सदस्यहरुको हितलाई केन्द्रमा राखेको छ । यसका लागि सदस्यहरुको बचतमा उचित व्याज प्रदान गर्नुको साथै शेयर लगानीमा पनि उचित प्रतिफल प्रदान गर्दै आइरहेका छौं ।

**उपस्थित महानुभावहरू ,**

यस अवधिमा सो अवसरमा अर्थिक बर्ष २०८२/०८३ को लागी प्रस्ताविक नीति तथा कार्यक्रम प्रस्तुत गर्न अनुमती चाहान्छु ।

## संस्थाको बार्षिक निति

संस्थाले आगामी बर्ष २०८२/०८३ का लागि निम्नुसार कार्यनिति अवलम्बन गर्ने योजना रहेको छ,

१ संस्थाको बित्तिय अवस्थालाई विश्लेषण गर्दै शेयर पुँजी रकम जम्मा सम्पत्तिको १० प्रतिशत कायम गर्ने नीति लिने र यस आगामी आ. ब. २०८२/०८३ मा ७ प्रतिशत भन्दा माथि लैजाने निति अवलम्बन गरिने छ ।

२. सदस्य सामिप्यताको लागि सदस्यहरुको मृत्यु भएको जटिल रोगलागेको अवस्थामा सानो राहत स्वरुप संस्थाले सहयोग गर्ने र सदस्यहरुको दुख सुखमा संस्थाले समन्वय गर्ने कार्यक्रमलाई निरन्तरता दिईने छ ।

३. संस्थाले सदस्यहरुको लामो अवधिको र सदस्यहरुको जिवनशैलिमा आधारित हुने बचतका योजनाहरु अवलम्बन गरिने छ ।

४. संस्थाले सदस्यहरुको लामो अवधिको र सदस्यहरुको जिवनशैलिमा आधारित हुने कर्जा लाई प्रथामिकताका साथ गरिने छ ।

५. सदस्यहरुलाई ऋण लगानी गर्नुपुर्व वित्तीय ज्ञान तथा वित्तीय शिक्षा सहित परामर्श दिदै वित्तीय अनुशासनका प्रभाव तथा वित्तीय अनुशासन कायम नहुदा पर्न सक्ने प्रभावका बारेमा ज्ञान दिलाउने नीति लाई निरन्तरता दिईने छ ।

६. हालको सहकारी अभियानमा देखा परेको बिषम परीस्थितिसँग सामना गर्नका लागि संचालक समितीको प्रत्यक्ष संलग्नतामा विभिन्न क्षेत्रगत तथा विषयगत उप समितीहरु गठन गर्दै सदस्य र संस्था सामिप्यताका कार्यक्रमहरु लाई निरन्तरता दिईने छ ।

७. संस्थामा संचालन गरीने प्रशासनिक तथा कार्यक्रम खर्चहरुमा मितव्ययिता अपनाउदै संस्थाको खूद सम्पत्ति वृद्धिमा जोड दिइने छ ।

८. संस्थाको संचालक समिति, लेखा सुपरीवेक्षण समिति तथा कर्मचारीहरुलाई थप जवाफदेहिता सहित सदस्यहरुमाझमा प्रस्तुत हुनका लागि नियमित बैठक, छलफल तथा संस्थाको गतिविधिहरुको बारेमा संचार व्यवस्थालाई प्रभावकारी बनाउने र सबै मानवश्रोतको क्षमता विकासका लागि जोड दिइने छ ।

## संस्थाको बार्षिक कार्यक्रमहरु

संस्थाले गर्ने विभिन्न व्यावसायिक क्रियाकलापका साथै सदस्य सम्बन्ध विकास तथा तथा विस्तार गर्नका लागि संचालक समिति, उपसमिति, लेखा सुपरीवेक्षण समिति तथा कर्मचारीहरुको क्षमता विकास गर्न कार्यक्रमहरु संचालन गरीनेछ । त्यसैगरी समुदायमा रहेको हालको सहकारी प्रतिको नकारात्मक संवाद तथा बुझाईलाई चिर्नका लागि संस्थाका सदस्यहरुको टोल, बस्ति, तथा समूहगत रुपमा विभिन्न कार्यक्रमहरु संचालन गर्दै संस्थाको गतिविधि तथा सदस्य सामिप्यता कार्यक्रमहरु संचालन गर्नका लागि निम्नानुसारको कार्यक्रमहरु संचालन गरीनेछ ।

## क) व्यावसायिक कार्यक्रमहरुको विवरणः

१. सदस्यता विस्तार तथा सदस्य सक्रियता कार्यक्रमः
हाल रहेको सदस्य संख्यामा सक्रिय सदस्यता विस्तार गर्दै सदस्य संख्या थप गर्ने र हाल भईरहेका सदस्यहरु जो निष्क्रिय रहेका छन् उनिहरुलाई सक्रिय बनाउदै कारोवारमा प्रभावकारीता ल्याउने ।

२. सदस्य शेयर पुँजी थप योजना तथा कार्यः
हाल संस्थाको शेयर रकम जम्मा सम्पत्तिको तुलनामा कम रहेकोले पर्ल्स बमोजिम १० प्रतिशत भन्दा माथि हुनुपर्ने विषयलाई मध्य नजर गर्दै यस आ. ब. मा ७ प्रतिशतभन्दा बढी बनाएर लैजाने र आगामी बर्षहरुमा लामो अवधिको योजना बनाई औषत कायम गर्ने आधार तय गर्ने ।

३. बचत विस्तार कार्यक्रमः
संस्थाको व्यावसायिक गतिविधिको मुख्य विषय अर्थात श्रोत बचत रकमलाई स्थायित्व कायम गर्नका लागि सदस्यता सक्रियता कार्यक्रम तथा राहतका कार्यक्रमहरु समेत संचालनमा ल्याएर लामो समयको बचतमा प्रेरित गरेर सदस्यहरुको नेटर्वथमा जोड दिने ।

४. तरलता व्यवस्थापनः
हाल सहकारी व्यावसायिक कार्यको अभियानमा नै अस्वस्थ्यता सिर्जना भएको र सदस्यहरुको अपेक्षा बमोजिम बचत व्यवस्थापन नगरेका संस्थाहरुका कारण सहकारी प्रतिको नकारात्मक धारणा भईरहेको अवस्थालाई मध्यनजर गर्दै संस्थाले कम्तिमा १८ प्रतिशतसम्म तरलता कायम गरी सदस्यहरुको विश्वसनियता कायममा जोड दिने ।

५. ऋण लगानीः
गुणस्तरीय लगानीमा ध्यान दिने र उपलब्ध श्रोतहरुको अधिकतम परीचालनमा जोड दिनका लागि तरलता कायम पश्चतका उपलब्ध श्रोत सदस्यहरुको व्यावसायिक गतिविधि विशेष गरी उत्पादनशिल क्षेत्रमा लगानीमा जोड दिदै सदस्यहरुको आर्थिक आवश्यकता परिपुर्तिमा जोड दिने ।

६. गुणस्तरीय सम्पत्ति कायमः
संस्थाको उपलब्ध श्रोतहरुको परीचालन प्रभावकारीताका लागि यस बर्षमा स्थिर सम्पत्ति तथा अन्य लगानिहरुमा जोड नगरी गुणस्तरीय लगानिमा जोड गर्ने, भाखा नाघेको तथा निष्कृय ऋण न्यूनिकरण गर्ने र तरलता रकम समेत अधिकतम प्रतिफल दिने बैंक वित्तीय संस्थाहरु वा सहकारी संजालहरुमा राखि अधिकतम प्रतिफलका क्षेत्रहरुमा परीचालन गर्ने ।

## ख) आन्तरीक नियन्त्रण प्रणाली तथा क्षमता विस्तार

१. संस्थाको व्यवस्थापकिय कार्यहरुमा प्रभावकारीताका लागि आवश्यक पर्ने विभिन्न प्रक्रियाहरु तयार गर्ने र सो प्रयोजनका लागि विज्ञको आवश्यक परेमा क्षेत्रगत विज्ञहरुको समेत सहयोग लिएर आन्तरीक व्यवस्थापन तथा नियन्त्रण प्रणाली प्रभावकारी बनाउन जोड दिने ।

२. संस्था संचालनका प्रमुख अंगहरु संचालक समिति लेखा सुपरीवेक्षण समिति र कर्मचारीहरुको क्षमता विस्तारका लागि आन्तरीक रुपमा तथा बाह्य निकायहरुमा तालिम तथा गोष्ठिहरुमा सहभागी गर्ने गराउने र दक्ष जनशक्तिमा विशेष जोड दिने ।

प्रस्तुत प्रतिबेदन माथि सम्पर्ण सदस्य महानुभावहरुबाट टिप्पणी, गुनासोहरु सहित रचनात्मक सल्लाह र सुझावको अपेक्षा राख्दै संस्थाको सेवालाई अझै प्रभावकारी बनायनमा यहाँहरुबाट थप सहयोग, समर्थन,अधिक कारोबार,एकै मात्र संस्थाबाट कारोबार र अनुसासित कारोबारका लागी हार्दिक अनुरोध गर्दछु ।

**शेयर सदस्य महानुभावहरू,**

अन्तमा, यस संस्थालाई आजको अवस्थासम्म पुऱ्याउन सहयोग गर्नुहुने शेयर सदस्यज्यूहरु, नियमन निकाय, सञ्चालक समितिका पदाधिकारी एवं उप समितिका पदाधिकारीहरु तथा कर्मचारी मित्रहरुलाई धन्यवाद ।

जय सहकारी ॥

# ट्रेड बचत तथा ऋण सहकारी संस्था लि.
# का.म.न.पा.२ लाजिम्पाट
# संस्थाको तर्फबाट कोषाध्यक्षको आर्थिक प्रतिबेदन



भरत अर्याल
कोषध्यक्ष

यस सभाका आदरणीय सभापति एवं संस्थाका अध्यक्षज्यू, संचालक समितिका पदाधिकारी एवम् सदस्य ज्यूहरु, लेखा सुपरिबेक्षण समितिका संयोजक एवं सदस्य ज्यूहरु वार्षिक साधारण सभामा उपस्थित प्रतिनिधि सदस्य ज्यूहरु, सल्लाहकार ज्यूहरु एवम कर्मचारी मित्रहरु उपस्थित शेयर सदस्य दाजुभाई एवम् दिदिबैनीहरुमा यस संस्थाको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट १६ औं वार्षिक साधारण सभाको यस महत्वपूर्ण घडीमा यहाँहरु सम्पूर्णमा हार्दिक स्वागत एवम् सहकारी अभिवादन व्यक्त गर्दछु ।

यस संस्थाको मुलभूत उद्देश्य अनुसार संस्थाका लागि सदस्य र सदस्यका लागि संस्था भन्ने सिद्धान्तलाई आत्मसाथ राखी आजभन्दा १५ वर्ष अगाडी यस संस्थाको स्थापना भएको हो। आज हामी १६ औं वार्षिक साधारण सभा सम्पन्न गर्न गइरहेका छौं। सहकारी संस्थाको मूल ध्येय भनेको संस्थाका सदस्यहरुको साझा आर्थिक, सामाजिक र सास्ँकृतिक आवश्यकता परिपूर्ति गर्नु हो भने यस संस्थाको लक्ष्य भनेकै सदस्यहरुलाई आर्थिक क्रियाकलापमा सहभागिता गराई उचित सेवा सन्तुष्टी प्रदान गरी गुणस्तरीय जीवनयापन गर्न टेवा पुर्‍याउनु हो । यसैका लागि संस्थाले वित्तीय सुशासन, आर्थिक नियमावली र वित्तीय पारदर्शिता नीति अवलम्बन गरेको छ ।

आर्थिक वर्ष २०८१/०८२ लाई फर्केर हेर्दा सहकारी अभियान निकै चुनौतीपूर्ण, समस्या केन्द्रित र उथल पुथल अवस्थामा गुज्रेको वर्षको रुपमा लिएका छौं । खासगरि सहकारीको मूल्य मान्यता र सिद्धान्त साथै वित्तीय अनुशासन बाहिर गएर सहकारी सञ्चालन गर्ने व्यक्ति र समूहको गलत प्रवृत्तिका कारण सिर्जित नकारात्मक समाचारले नागरिकहरुमा अलमल र अविश्वास पैदा गर्‍यो । बैंक तथा वित्तीय संस्था र सहकारी विरुद्ध फैलाएको अफवाह र ऋण तिर्न पर्दैन भन्दै हिड्ने समूह, परिवर्तन भईरहने सरकारको नीति आदिका कारण व्यापार व्यवसाय आफ्नो लयमा फर्कन निकै कठिन रह्यो । जसको कारण कहिले न्यून तरलता त कहिले अधिक तरलताका कारण लगानी संकुचन हुने र निष्क्रिय कर्जामा वृद्धि हुन थाल्यो । यसले समग्रतामा बैंक तथा वित्तीय संस्था र सहकारी क्षेत्रको वार्षिक योजना तथा बजेटमा प्रत्यक्ष असर पुर्‍यायो । तथापि हाम्रो संस्थागत नीति र व्यवस्थापनले लिएको रणनैतिक सुधारको कार्यक्रमले सदस्यहरु माझ आशाको किरण छरेको हामीले पाएका छौं ।

**शेयर सदस्य महानुभावहरू**

म अब गत बर्ष यस सस्थाले गरेको आर्थिक कारोबारको संक्षिप्त बिबरण प्रस्तुत गर्न चाहान्छु ।

१) शेयर पुँजी

आदरणीय सदस्यज्यूहरु यस संस्थाले गत वर्षमा रु. ३,७७,७९,५००/— (अक्षरुपी तिन करोड सत्तर लाख उन्नासी हजार पाँच सय रुपैया) रहेको मा यस बर्ष ७.१७% ले बृद्धि भई रु. ४,०४,८६,७००/— (अक्षरुपी चार करोड चार लाख छयासी हजार सात सय पुगेको छ ।

२) बचत तथा निक्षेप

आदरणीय शेयर सदस्य महानुभावहरु यस संस्थाले गत बर्षमा रु ५१,८४,०८,२४१.७५/— (अक्षरुपी एकाउन्न करोड चौरासी लाख आठ हजार दुई सय एकचालिस रुपैया पचहतर पैसा) बचत संकलन गरेकोमा यस बर्ष ९.२४% ले बृद्धि भई संस्थाले जम्मा निक्षेप रु.५६,६२,६७,८५२.५३/—(अक्षरुपी छपन्न करोड बैसाठ्ठी लाख सड्सठी हजार आठ सय बाउन्न रुपैया तिरपन्न पैसा) संकलन गरेको छ ।

३) ऋण लगानी

गत बर्ष संस्थाले गरेको ऋण लगानी रु.४७,५७,८८,०९६।९५/— (अक्षरुपी सड्चालिस करोड सन्ताउन्न लाख अठासी हजार छयानब्बे रुपैया पन्चानब्बे पैसा) रहेकोमा यस आ.ब को आषाढ मसान्तमा २७.५४%ले बृद्धि भई रु.६०,६७,७४,०८७ ।४७/— (अक्षरुपी साठी करोड सड्सठी लाख चौरहत्तर हजार सत्तारी रुपैया सड्चालिस पैसा रहेको छ ।

४) नगद सुरक्षाको ब्यवस्था

संस्थाले नगद को सुरक्षाको निमित्त भल्ट को रु २५,००,०००/— सम्मको बिमा गरिएको छ ।

५) संस्थाले जगेडा कोष रु.३,१९,१३,६६५।९७/— (अक्षरुपी तिन करोड उन्नाइस लाख तेह्र हजार छ सय पैसठी रुपैया सन्तानब्बे पैसा मात्र )

६) संस्थाका तरलताको अवस्था

सहकारी ऐन २०७४ बमोजिम कुल निक्षेप रकमको १५% रकम तरलता राख्नुपर्ने नियम रहेको ले निक्षेपमा आएको फिर्ता को कारण २०८२ आषाढ मसान्तमा संस्थाको १९% तरलता रहेको जानकारी गराउदछु ।

७) ब्याजदर संरचना

सहकारी ऐन २०७४ र सहकारी बिभागले जारी गरेको निर्देशन बमोजिमको सिमामा रही संस्थाले ब्याजदर कायम गरेको छ बचत र ऋणको ब्याजदरको अन्तर ५% मात्र रहेको छ ।

८) बित्तिय सुसासन

यस संस्थाले आर्थिक कारोबारहरु संस्थाको बिनियम तथा निति नियमावली अर्न्तगत रहेर गर्ने गरेको छ । कारोबारलाई पारदर्शी एबम् सुरक्षित बनाउनको निमित्त Infinity Software मार्फत हिसाबकिताब राखी सम्पुर्ण कारोबार सुरक्षित Backup को निमित्त Cloud System प्रयोग गरेको जानकारी गराउद छु ।

९) लेखापरिक्षण

यस संस्थाले नेपाल चार्टड एकाउन्टेन्टस् संस्थाबाट जारी नेपाल लेखा परिक्षणमान पालना गरी लेखापरिक्षण गराएको छ ।

१०) यस आ.ब.मा संस्थाले कुल सञ्चालन आम्दानी रु. १,६१,५४,०३२।५१/— (अक्षरुपी एक करोड एक साठी लाख चौवन्न हजार बत्तिस रुपैया एकाउन्न पैसा मात्र), कुल खर्च रु. ७९,०५,७७२.८४/— (अक्षरुपी उनासी लाख पाँच हजार सात सय बहत्तर रुपैया चौरासी पैसा मात्र) भएको छ । जस अनुसार सम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मुनाफा रु. ८४,४२,४७२।८४/— (अक्षरुपी चौरासी लाख बयालिस हजार चार सय बहत्तर रुपैया चौरासी पैसा मात्र ) भएको छ । जसको बाँणफाड संस्थाको बिनियममा उल्लेखित कोषहरु बमोजिम भएको जानकारी गराउदछु ।

११) संस्थाको ऋण जोखिम कोषमा यस आ.ब.मा रु. ९३,५९,०६८।३२/— अक्षरुपी त्रिपन्न लाख उन्नसाठी हजार अड्सठी रुपैया बत्तिस पैसा मात्र) रहेको जानकारी गराउदछु ।

१२) संस्थाको गत आ.ब.को कुल कारोबारको तुलनामा यस आ.ब. ११.१९% ले बृद्धि भई रु ७४,४८,७८,३०७।२९/— (अक्षरुपी चौरहत्तर करोड अड्चालिस लाख अठहत्तर हजार तिन सय सात रुपैया उन्नतिस पैसा) मात्र पुगेको छ ।

१३) संस्थाले यस आ.ब.मा आयकर बापत बिभिन्न शिर्षकहरुमा सम्बन्धित कार्यलयमा दाखिला गरी करचुक्ता प्रमाणपत्रको प्रकृया अगाडी बढाईएको छ ।

१४) सदस्य राहत कोष मार्फत सदस्यको एकाघर परिवार भित्र मृत्यू भएमा मृत्यू भएको घरमा समबेदना सहित रु.५०००/— बितरण भएको जानकारी गराउदछु ।

**अन्त्यमा**

मैले यस ट्रेड बचत तथा ऋण सहकारी संस्था लि. को **१६**औं वार्षिक साधारण सभामा प्रस्तुत आव २०८१/०८२ को प्रगति प्रतिवेदन तथा २०८२/०८३ को प्रस्तावित कार्यक्रम माथि गहन अध्ययन भै सो सम्बन्धमा यहाँहरूको अमूल्य सल्लाह र सुझावको अपेक्षा गर्दै मेरो प्रतिवेदनमा उल्लेख भए गरेका कार्यहरूलाई अनुमोदन गरि दिनुहुन साथै प्रस्तुत प्रस्तावहरूलाई समेत पारित गरिदिनु हुनेछ भन्ने विश्वास र आशाका साथै आगामी दिनहरूमा पनि यहाँहरूको सल्लाह र सुझावको अपेक्षा गर्दै संस्थाको मात्रात्मक र गुणात्मक विकास र वृद्धिमा साथ र सहयोग गर्नुहुने तथा गत साधारण सभाबाट स्वीकृत योजना कार्यान्वयनमा अनवरत खट्नुहुने सञ्चालक समिति, लेखा समिति, सल्लाहकार, विषयगत उपसमितिका सदस्यज्यूहरू र संस्थाका कर्मचारीहरूमा हार्दिक धन्यवाद दिन चाहन्छु ।

जय सहकारी ॥

# ट्रेड बचत तथा ऋण सहकारी संस्था लि.
# का..म.न.पा.२ लाजिम्पाट
# लेखा सुपरिबेक्षण समिति

यस ट्रेड बचत तथा ऋण सहकारी संस्था लि.को १६ औ बार्षिक साधारण सभामा सभापतित्व गरिरहनुभएका यस सभाका सभापति ज्यू , प्रमूख अतिथि ज्यु ,बिशिष्ट अतिथि ज्यू ,अतिथि ज्यूहरु,सञ्चालक समितिका पदाधिकारी ज्यूहरु ,लेखा सुपरिबेक्षण समितिका पदाधिकारी ज्युहरु, बिभिन्न उपसमितिका पदाधिकारी ज्यूहरु, सल्लाहाकार ज्यूहरु,सम्पुर्ण कर्मचारीहरु, शुभचिन्तकहरु लगायत यस संस्थामा आवद्ध भई आजको यस गरिमामय साधारण सभामा उपस्थित सम्पुर्ण शेयर सदस्य महानुभावहरुमा यस संस्थाको लेखा सुपरिवेक्षण समितिको तर्फबाट स्वागतका साथ हार्दिक एवम् सहकारी अभिबादन ब्यक्त गर्दछु ।

**आदरणीय शेयर सदस्य महानुभावहरू,**

सहकारीको सिद्धान्त, मूल्य मान्यता अनुरुप प्रदेश सहकारी ऐन २०७६, परिच्छेद ६ को दफा ४५ मा निर्देशित लेखा सुपरिबेक्षण समितिको काम, कर्तव्य र अधिकार बमोजिम यस समितिले संस्थामा आन्तरिक नियन्त्रण प्रणालीलाई मजबुत बनाउन आवश्यक भूमिका खेल्दै आइरहेको व्यहोरा यहाँहरु समक्ष अवगत गराउन चाहन्छु । साथै यस सम्मानित सभा समक्ष आ.ब.२०८१।०८२ मा लेखा सुपरिबेक्षणको क्रममा देखिएका बिषयहरु तपशिल बमोजिम रहेको प्रतिबेदन पेश गर्न अनुमति चाहान्छु ।

१) संस्थाको १५ औ बार्षिक साधारण सभामा भएका निर्णयहरु क्रमिक रुपमा कार्यन्वयन भएको पाएका छौ ।

२) आ.ब. २०८१/०८२ भित्रमा यस संस्थाको बिभिन्न मितिमा सञ्चालक समितिको नियमित बैठक १२ पटक, लेखा सुपरिबेक्षण समितिको बैठक ४ पटक र ऋण उपसमितिको बैठक १३ पटक बसी अधिकाशं निर्णयहरु कार्यन्यन गदै लगिएको पाएका छौ ।

३) संस्थाको बैक मौज्जात, नगद,सम्पतिहरु,पुँजी,बचत,कर्जा तथा लगानीको अभिलेख अंकहरु सम्बन्धित खाताहरु संग हुबहु रहेको साथै निरिक्षणको क्रममा संस्थाले गरेको आर्थिक कारोबार र राखिएको अभिलेखहरुको प्रत्येक कारोबार संग बिल भरपाई, भौचर तथा रसिदहरु स्पष्टसंग सुरक्षित राखेको पाएका छौ ।

४) लेखा सुपरिबेक्षण समितिले समय समयमा कर्जा फायलहरु अनुगमन गर्दा अधिकांश कर्जाहरु धितो जमानतका आधारमा आन्तरिक मुल्याङकन र प्राबिधिक मुल्याङकन कर्ताबाट धितो मुल्याङ्कन भएपछि ऋण नीति अनुरुप ऋण उपसमिति तथा सञ्चालक समितिले स्वीकृत गरेर कर्जा लगानी गरेका पाएका छौ ।

५) नेपाल सहकारी नियमन प्राधिकरण ,सहकारी बिभाग र नेपाल राष्ट्र बैंकबाट समय समयमा जारी भएको नीति निर्देशन,सम्पति शुद्धिकरण निर्देशिका परिपत्र साथै नेपाल सरकारले संसोधन गरेको सहकारी ऐन २०८१ अनुरुप नै संस्था सञ्चालनमा रहेको पाएका छौ ।

६) सञ्चालक समितिले समयसापेक्ष बचत तथा ऋणहरुको ब्याजदर परिबर्तन गरेको पाएका छौ ।

७) संस्थाले २०८१ फाल्गुन देखी इन्फो डेभलपर्ससंग सम्झौता गरेर Mobile banking app सञ्चालन गरी सदस्यहरुलाई सेवा प्रदान गरेको पाएका छौ ।

८) पटक पटक सुपरिबेक्षण गर्दा दिईएका सुझावहरु अधिकाँश कार्यन्वयन भएको ,कार्यलय सञ्चालन खर्चमा मितब्ययी अपनाएको स्वीकृत वार्षिक बजेटको अधिनमा रही विभिन्न शिर्षकहरुमा खर्च गरिएको पाएका छौ ।

९) बचत दिएको ब्याजदर र ऋणको ब्याजदर को औषतमा हेर्दा ५ प्रतिशत भन्दा कम रहेको पाएका छौ ।

१०) संस्थाले सहकारी बिभागले तोके बमोजिम मासिक बिबरण नियमीत रुपमा प्रकाशित गरेको पाएका छौ ।

**सदस्य महानुवावहरू,अब म लेखा सुपरिबेक्षण समितिका सुझावहरू प्रस्तुत गर्न चाहान्छु ।**

१) संस्थाले कर्जा लगानी गर्दा उत्पादनमुलक क्षेत्रमा प्रभावकारी तरिकाले सुरक्षित लगानी गर्न सुझाव दिएका छौ ।

२) सदस्यता पहिचान बिबरण (KYM) सम्पुर्ण सदस्यको अध्यावधिक गरी निक्रिय सदस्यलाई याकिन गरी सक्रिय बनाउन सुझाव दिएका छौ ।

३) बजारमा देखिएको आर्थिक मन्दीको कारण ऋण असुलीमा समस्या देखिएकोले विभिन्न विधिहरु प्रयोग गरी ऋण लगानी तथा असुली उपसमिति र विभाग मार्फत असुली प्रक्रियालाई थप सशक्त बनाई अझै सुधार गर्नुपर्ने सुझाव दिएका छौ ।

४) संस्थाले लिलाम सकार गरेको गैरबैकिङ्ग सम्पति चाडो बिकी गर्न सुझाव दिएका छौ ।

५) तालिम र भ्रमण शीर्षकको खर्च अत्यन्त न्युन भएकोले सञ्चालक र उपसमितिहरुको क्षमता अभिबृद्धिको तालिम तथा सहकारी अध्ययन अवलोकन भ्रमणलाई निरन्तरता दिनु पर्ने सुझाव दिएका छौ ।

७) आ.व.२०८१।२०८२ देखि संस्थाले आफ्नो व्यवसाय तथा कारोबारलाई नयाँ प्रविधि अनुरुप सञ्चालन गर्न मोबाइल बैंङ्कि सेवा सञ्चालनमा ल्याएको भएतापनि शेयर सदस्यहरुको पहुँचमा पुऱ्याएर छिटो, छरितो र भरपर्दो सेवा प्रदान गर्नुपर्ने सदस्यको संख्या न्युन देखिएकोले सदस्यहरु माझ व्यापक प्रचार गर्नुपर्ने सुझाव दिइन्छ ।

८) यस संस्थमा विद्यमान नीति नियम, कार्यविधिहरु समय सापेक्ष परिमार्जन गर्नुका साथै समय सापेक्ष आवश्यकता अनुसार नयाँ कार्यविधि तयार गर्न सुझाव दिइन्छ ।

९) सदस्यहरुलाई सहकारीमा सदस्यको भूमिका, सहकारी ऐन नियम तथा संस्था र सदस्य बिचको सम्बन्ध सुदृढ गर्न निरन्तर र नियमित रुपमा सहकारी शिक्षा प्रदान गर्नुका साथै वित्तीय साक्षरता कार्यक्रमलाई निरन्तरता दिई संस्थागत हितमा अगाडी बढ्न सुझाव दिइन्छ ।

**शेयर सदस्य महानुभावहरू,**

अन्तमा, संस्थाको आन्तरिक सुशासनलाई थप मजबुत एवं गतिशिल बनाउन संस्थामा देखिएका कमी, कमजोरीहरु एवं यस समितिले उल्लेख गरेका विषयवस्तुहरुप्रति सदस्यज्यूहरुको चासोको विषय बन्नु पर्दछ भन्ने कुरा अनुरोध गर्दै लिखित रुपमा जानकारी दिनुहुन यस सभामा उपस्थित आदरणीय सम्पूर्ण शेयर सदस्य महानुभावहरुमा यस समितिको तर्फबाट हार्दिक अनुरोध गर्दछौं । साथै, यस लेखा सुपरिवेक्षण समितिको कार्यलाई सहज रुपमा सम्पादन गर्न तदारुकताका साथ हर बखत निरन्तर सहयोग, सहकार्य र सद्भाव गर्नु हुने संस्थाका आदरणीय अध्यक्षज्यू लगायत संचालक समिति, विभिन्न उप–समिति, सल्लाहकारवर्ग, व्यवस्थापन समूह एवं सदस्यहरु प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु ।  आगामी दिनहरुमा पनि संस्थाको प्रगति एवं दिगो विकासको लक्ष्य लिई अनुगमन निरिक्षण कार्यमा सहयोग गर्नु हुनेछ भन्दै यस लेखा सुपरिवेक्षण समितिको काम, कर्तव्य प्रति जिम्मेवारीपूर्वक सहयोग गर्नु हुनेछ भन्ने बिश्वासका साथ यस सभाबाट बिदा हुन चाहान्छु ।

धन्यबाद !
जय सहकारी ॥

**U. & Co.**
**Regd. Auditor**
P.O. Box No.8973 NPC 609
Regd No: COP : 1101, Firm 2314 (ICAN)
PAN 302101014

Anamnagar, Kathmandu
P.O. Box No.8973 NPC 609
Kathmandu, Nepal
Phone: 9841414747

# श्री ट्रेड बचत तथा ऋण सहकारी संस्था लि.

## काठमाण्डौ–२, लाजिम्पाटका शेयर सदस्य महानुभावहरुमा

## स्वतन्त्र लेखापरिक्षकको प्रतिवेदन

हामीले ट्रेड बचत तथा ऋण सहकारी संस्था लि काठमाण्डौ–२, लाजिम्पाटको यसैसाथ संलग्न वित्तीय विवरण जसले २०८२ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आर्थिक वर्षको आय विवरण, नगद प्रवाह विवरण, इक्वीटमिा भएको परिवर्तन तथा वित्तीय विवरणहरुसँग सम्बन्धित लेखा नीति तथा प्रमुख लेखा नीति तथा लेखासम्बन्धि टिप्पणीको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

**हाम्रो राय यस प्रकार रहेको छ**

हामीले यस प्रतिवेदनमा उल्लेखित आधारमा लेखापरीक्षण गरी निम्न अनुसारको राय पेश गर्दछौं

१. लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानिएका सूचना एवं स्पष्टिकरणहरु उपलब्ध भएका छन् ।

२. यस प्रतिवेदनसँग सम्बन्धित वित्तीय विवरण सहकारी मापदण्ड अनुसार तयार भएका छन । संस्थाले राखेका हिसाब दोहोरो लेखा प्रणाली बमोजिम रहेका छन् ।

३. यस प्रतिवेदनमा सम्बन्धित वासलात, नाफा नोक्सान हिसाब तथा तत्सम्बन्धी अनुसुचीहरु सस्थांले राखेको हिसाब सँग दुरुस्त छन ।

४. हामीलाई प्राप्त जानकारी तथा स्पष्टीकरण र हामीले परीक्षण गरेका श्रेष्ताहरुबाट सञ्चालक समिति, कुनै सदस्य वा संस्थाका कुनै कर्मचारीले कानुनी व्यवस्था विरुद्ध कामकाज वा हानी नोक्सानी गरेको, वा संस्था, निक्षेपकर्ता तथा सदश्यह( रुको हक वा सुरक्षा विपरित हुने कुनै काम गरेको देखिएन ।

५. वित्तीय विवरण सहकारी मापदण्ड अनुसार तयार भएको र नेपालमा लागु भएको नेपाल वित्तीय प्रतिवेदन मान( ल्फ्क)बमोजिम लेखापालन गरि हिसाब राख्नु पर्नेमा सो बमोजिम भए गरेको पाईएन ।

६. सहकारी ऐन तथा नियमावलि र सहकारी बिभागबाट समय समयमा जारि निर्देशन, सस्थांको विनियम, तथा सस्थांले अवलम्वन गरेको लेखानीति बमोजिम लगानिमा रहेको ऋणलाई असल, शंकास्पद र खराब भनि बर्गिकरण गरि सोहि बमोजिम जोखिम बेहोर्ने कोषको ब्यवस्था गर्नुपर्नेमा वर्गिकरण नगरी एकमुष्ट रुपमा रकम कोषमा व्यवस्था गरीएकोले ऋणको अवस्था बमोजिम ऋण जोखिम कोष व्यवस्था भएको पाईएन ।

७. हाम्रो रायमा संलग्न वित्तीय विवरणले बुँदा नं. ५ र ६ मा लेखिएका कुरामा राय ब्यक्त गरिएको छैन र सो कुराले वित्तीय विवरणमा पर्ने असर बाहेक प्रचलित सिद्धान्त अनुसार आषाढ ३२, २०८२ को वित्तीय स्थिती, सो मितिमा समाप्त वर्षको सञ्चालन नतिजा र नगद प्रवाहको सारभुत रुपमा समुचित चित्रण गर्दछ ।

**रायका आधार**

लेखापरीक्षणको सर्वमान्य सिद्धान्त तथा नेपाल लेखापरीक्षण मानको आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ वित्तीय विवरण सारभुत रुपमा गलत आँकडा रहित छ भन्ने कुरा विश्वास हुनका लागि ती लेखापरीक्षण मान अनुसार लेखापरीक्षण योजना गरी तदनुसार लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षणमा वित्तीय विवरणमा उल्लेखित रकम र खुलााईएका अन्य विवरणलाई पुष्ट्याई गर्ने प्रमाणको छड्के परीक्षणलाइ समेत लेखापरीक्षमा समावेश गरिएको छ । यसरी छनौट गरिएको कार्यबिधि चाहे जालसाजि वा गल्तिबाट होस सारभुतरुपमा त्रुटियुक्त

प्रस्तुति हुन सक्ने जोखिमको लेखाजोखा गर्ने सहित हाम्रो ब्यवसायिक निर्णयमा आधारित हुन्छ । सस्थाले अवलम्बन गरेका लेखा सिद्धान्त, ब्यवस्थापनले गरेका महत्वपुर्ण अनुमान तथा वित्तीय विवरण प्रस्तुतीको समग्र स्थितिको मुल्याँकन पनि लेखापरीक्षमा समावेश गरिएको छ हाम्रो लेखापरीक्षणले हाम्रो रायलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौ ।

**U. & Co.**
**Regd. Auditor**
P.O. Box No.8973 NPC 609
Regd No: COP : 1101, Firm 2314 (ICAN)
PAN 302101014

Anamnagar, Kathmandu
P.O. Box No.8973 NPC 609
Kathmandu, Nepal
Phone: 9841414747

**वित्तीय विवरण प्रति ब्यस्थापन र समितिको जिम्मेवारी तथा उत्तरदयित्व**

प्रचलित कानून तथा लागु भएको नेपाल लेखामान बमोजिम वित्तीय विवरण तयारी र यर्थात प्रस्तुति, यर्थाथ उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार गर्ने एवं प्रस्तुत गर्ने जिम्मेवारी तथा वित्तीय विवरण प्रतिको जिम्मेवारी ट्रेड बचत तथा ऋण सहकारी सस्थांको ब्यवस्थापनको उत्तरदायित्व हो । यस उत्तरदयित्व तथा जिम्मेवारी अर्न्तगत चाहे जालसाजी वा गल्तिबाट होस सारभुत रुपले त्रुटिरहित गलत आकंडा छैनन् भनि तयारी र प्रस्तुतिकरण गर्ने कार्यसँग आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा, कर्यान्वयन र सचांलन गर्ने कार्य तथा लागु गर्ने र अद्यावधिक बनाई राख्ने, उपयुक्त लेखानीतिको छनौट गर्ने तथा तत्कालिन अवस्थामा उपयुक्त लेखा अनुमानहरु गर्ने र कर्यान्वयन गरि वित्तीय विवरण तयार गर्ने एवं प्रस्तुति गर्ने कार्य र्पदछ ।

वित्तीय विवरणहरुप्रति लेखापरीक्षकको जिम्मेवारी

सस्थाको ब्यवस्थापनले तयार गरेको आर्थिक तथा वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा आफ्नो राय ब्यक्त गर्नु हाम्रो जिम्मेवारी हो ।

**हाम्रो प्रतिवेदनको प्रयोग**

हाम्रो प्रतिवेदन र राय केवल सस्थांका सदश्यका लागी सहकारी ऐन २०७४ र सहकारी नियमावली २०७५ अनुरुप तयार गरिएको छ ।

**अन्य नियमायकि कुराहरू**

संस्थाले सहकारी विभागबाट जारी भएको एकिकृत सुचना प्रणालिमा नियमित अद्यावधिक गर्नुपर्ने साथै नियमित रुपमा नियमन निकायमा प्रतिवेदन पेश गर्नुपर्ने देखिन्छ ।

संरक्षित पूँजीफिर्ता कोषमा नियमानुसार बाँफाँड गरिएको रकम कारोवारका आधारमा सदश्यहरुमा बाँडनु पर्नेमा सो बाँडेको पाइएन उल्लेखित कोष सहित अन्य कोष पनि जगेडा कोषमा रकमान्तर गरिएको पाईयो, कोषको उपयोग कोषको उद्देशिय बमोजिम गर्नुपर्ने देखिन्छ ।

**कार्यक्षेत्र बाहिर गरिएका कारोवारहरू अन्त्य गर्नु पर्ने**

सस्थामा रहेका सदश्य मध्ये सक्रिय निकृय भएका सदश्यको पहिचान गरि निकृय र साधारण सभामा लगातार ३ पटक सम्म पनि उपस्थित नभएका सदश्यको सदश्यता अन्त्य तथा बर्हिगमन गर्ने कार्य गर्नु पर्ने ।

सम्पत्ति शुद्धिकरण निवारण ऐन तथा नियमावली र सहकारी संस्थाहरुको लागि सहकारी विभागबाट जारी भएका सम्बन्धित निर्देशनह(रुमा भएका व्यवस्थाहरुको पुर्ण पालना गर्नुपर्ने । साथै संस्थाले सम्पत्ति शुद्धिकरण निवारण निर्देशीका तयार गरि सोको अनुशरण गरि सदस्यहरुको कारोवार जोखिम वर्गिकरण गर्नुपर्ने र ऐन नियमावलि तथा निर्देशिका बमोजिम प्रतिवेदन पेश गर्नुपर्ने देखिन्छ ।

I.U. and COMPANY Regd. No. 2314 ★ Regd. Auditor ★

इश्वर श्रेष्ठ
आइ.यु. एण्ड कम्पनी
मितीः २०८२।०५।१६
स्थानः काठमाडौं
UDIN : 250901RA02103Q6mJR

# ट्रेड बचत तथा ऋण सहकारी संस्था लि.

## लाजिम्पाट, काठमाडौ

वित्तीय स्थितिको बिवरण

स्थिति विवरण पत्र(वासलात) २०८२ असार मसान्त

| पूँजी तथा दायित्व | लेखा टिप्पणी | यस आ.ब.को | गत आ.ब.को |
|---|---|---|---|
| शेयर पूँजी | १ | ४०,४८६,७००.०० | ३७,७७९,५००.०० |
| जगेडा तथा अन्य कोषहरु | २ | ३१,९१३,६६५.९७ | २८,१७०,७३७.८२ |
| बचत तथा निक्षेप | ३ | ५६६,२६७,८५२.५३ | ५१८,४०८,२४१.७५ |
| बाह्य ऋण तथा सापटी | ४ | - | - |
| पूँजीगत अनुदान | ५ | - | - |
| चालु दायित्व तथा ब्यवस्था | ६ | १०४,६२८,९३४.२२ | ८४,१५१,४६५.५७ |
| कर दायित्व | ७ | १,५८१,१५४.५७ | १,४४६,२४६.३३ |
| दिर्घकालि दायित्व | ८ | - | - |
| स्थगन कर दायित्व | ९ | - | - |
| जम्मा | | ७४४,८७८,३०७.२९ | ६६९,९५६,१९१.४७ |
| सम्पत्ती तथा जायजेथा | | | |
| नगद मौज्दात | १० | १,६३४,४६५.०० | २१०,१९८.०० |
| बैंक मौज्दात | ११ | १०५,९७८,७९८.७० | १६४,०९०,३४९.७३ |
| शेयर तथा अन्य लगानी | १२ | ३,०२५,०००.०० | ३,०२५,०००.०० |
| कर्जा तथा सापट लगानी | १३ | ६०६,७७४,०८७.४७ | ४७५,७८८,०९६.९५ |
| चालु सम्पती | १४ | २६,६१२,४५२.६६ | २५,७५६,१५१.३४ |
| स्थिर सम्पती | १५ | ८५३,५०३.४६ | १,०८६,३९५.४५ |
| अन्य दिर्घकालिन सम्पती | १६ | - | - |
| स्थगन कर सम्पत्ती | ९ | - | - |
| जम्मा | | ७४४,८७८,३०७.२९ | ६६९,९५६,१९१.४७ |

अनुसुचि १ देखि १६ सम्म वासलातका अभिन्न अंगहरु हुन्। संलग्न हाम्रो आजकै मितिको प्रतिवेदनका आधारमा

चन्द्र प्रसाद निरौला
प्रमुख कार्यकारी अधिकृत
मितिः २०८२/०५/१६

भरत अर्याल
कोषाध्यक्ष

अरुण डंगोल
सचिव

अमूल श्रेष्ठ
अध्यक्ष

आई.यू.एण्ड कम्पनी
लेखापरीक्षक

# ट्रेड वचत तथा ऋण सहकारी संस्था लि.

## लाजिम्पाट, काठमाडौ

### नाफा/नोक्सान हिसाबको बिवरण

### श्रावन १, २०८१ देखि ३२ आषाढ, २०८२ सम्मको

| बिवरण | लेखा टिप्पणी | यस आ.ब.को | गत आ.ब.को |
|---|---|---|---|
| ब्याज आम्दानी | १७ | ७५,८३५,२६०.६४ | ६७,७१८,८२६.९८ |
| ब्याज खर्च | १८ | ७०,१२३,३९७.२५ | ६६,८०४,५५७.०१ |
| खुद ब्याज आम्दानी/(खर्च) | | ५,७११,८६३.३९ | ९१४,२६९.९७ |
| अन्य सञ्चालन आम्दानी | १९ | १०,४४२,१६९.१२ | १३,७९२,५६७.६० |
| कुल सञ्चालन आम्दानी | | १६,१५४,०३२.५१ | १४,७०६,८३७.५७ |
| कर्मचारी तलव तथा सुविधाहरु | २० | ४,७३६,२५९.५४ | ४,४२५,८७९.५६ |
| अन्य प्रशासनिक खर्च | २१ | २,६९१,९०९.८९ | २,६९८,१०१.२१ |
| ह्रास कट्टी खर्च | १५ | २८३,३९०.२४ | ३५१,६२५.१५ |
| सम्भाबित नोक्सानी ब्यबस्था अघिको सञ्चालन मुनाफा | | ८,४४२,४७२.८४ | ७,२३१,२३१.६५ |
| सम्भाबित नोक्सानी ब्यबस्था | | ५३६,७००.०० | - |
| सञ्चालन मुनाफा/(नोक्सान) | | ७,९०५,७७२.८४ | ७,२३१,२३१.६५ |
| गैर सञ्चालन आम्दानी | | - | - |
| सम्भाबित नोक्सानी ब्यबस्थाबाट फिर्ता | | | - |
| नियमित कारोबार बाट भएको मुनाफा/(नोक्सान) | | ७,९०५,७७२.८४ | ७,२३१,२३१.६५ |
| असामान्य कारोबार भएको आम्दानी/(खर्च) | | - | - |
| सम्पूर्ण कारोबार समाबेश पछिको खुद मुनाफा | | ७,९०५,७७२.८४ | ७,२३१,२३१.६५ |
| कर्मचारी बोनस | | - | - |
| कर अघिको नाफा/(नोक्सान) | | ७,९०५,७७२.८४ | ७,२३१,२३१.६५ |
| आयकर खर्च | | | |
| यस बर्षको कर ब्यबस्था | | १,५८१,१५४.५७ | १,४४६,२४६.३३ |
| बिगत बर्षसम्मको कर ब्यबस्था | | - | - |
| यस बर्षसम्मको कर ब्यबस्था | | - | - |
| यस बर्षको स्थगन कर आम्दानी/खर्च | | - | - |
| खुद नाफा/(नोक्सान) | | ६,३२४,६१८.२७ | ५,७८४,९८५.३२ |

अनुसुचि १ देखि १६ सम्म वासलातका अभिन्न अंगहरु हुन्।

संलग्न हाम्रो आजकै मितिको प्रतिवेदनका आधारमा

चन्द्र प्रसाद निरौला
प्रमुख कार्यकारी अधिकृत
मितिः २०८२/०५/१६

भरत अर्याल
कोषाध्यक्ष

अरुण डंगोल
सचिव

अमूल श्रेष्ठ
अध्यक्ष

आई.यू. एण्ड कम्पनी
लेखापरीक्षक

# ट्रेड बचत तथा ऋण सहकारी संस्था लि.

## लाजिम्पाट, काठमाडौ

### आ. ब. २०८१/२०८२ को नगद प्रवाहको बिवरण

| बिवरण | रकम यस बर्ष | रकम गत बर्ष |
|---|---|---|
| सञ्चालन गतिबिधिबाट नगद प्रवाह | | |
| कर पछिको नाफा/(नोक्सान) | ६,३२४,६१८.२७ | ५,७८४,९८५.३२ |
| समायेजनाः | | |
| १) ह्रास कट्टी | २८३,३९०.२४ | ३५१,६२५.१५ |
| २) क्षयिकरण खर्च | - | - |
| ३) बिभिन्न कोषको समायोजन | (२,५८१,६९०.१३) | (२,८४५,४४८.७६) |
| ४) आयकर भुक्तानी रकम (गत बर्षको) | (१,४४६,२४६.३३) | (७८०,३०४.६३) |
| संञ्चालन गतिविधिबाट नगद प्रवाह | २,५८०,०७२.०५ | २,५१०,८५७.०८ |
| चालु सम्पत्ति तथा दायित्वमा भएको परिवर्तन | | |
| १) निक्षेप हिसाबमा बृद्धि/(कमि) | ४७,८५९,६१०.७८ | ८२,२४७,२१२.१७ |
| २) अन्य दायित्वमा तथा ब्यबस्थामा बृद्धि/(कमि) | २२,०५८,६२३.२२ | २०,२९१,५८९.७४ |
| ३) भुक्तानी दायित्वमा बृद्धि/(कमि) | - | (१८,०००,०००.००) |
| ४) लगानीमा बृद्धि/(कमि) | १३०,९८५,९९०.५२ | ४६,३०२,९५५.३२ |
| ५) चालु सम्पत्तिमा बृद्धि/(कमि) | ८५६,३०१.३२ | १८,७०१,११९.८१ |
| कुल कार्यशिल पुँजीबाट नगद प्रवाह | (६१,९२४,०५७.८४) | १९,५३४,७२६.७८ |
| कुल संचालन गतिबिधिबाट नगद प्रावह (क) | (५९,३४३,९८५.७९) | २२,०४५,५८३.८६ |
| ख) लगानी गतिबिधिबाटको नगद प्रवाह | | |
| १) स्थिर सम्पत्तिको खरिद | ५०,४९८.२४ | ७८,०६०.०० |
| २) स्थिर सम्पत्तिको बिक्री | - | - |
| कुल लगानी गतिबिधिबाट नगद प्रावह (ख) | ५०,४९८.२४ | ७८,०६०.०० |
| बित्तिय गतिबिधिबाट नगद प्रवाह | | |
| १) शेयर बिक्रिबाट प्रप्त रकम | २,७०७,२००.०० | ३,३१७,८००.०० |
| २) बाह्य ऋणमा बृद्धि/(कमि) | | |
| कुल बित्तिय गतिबिधिबाट नगद प्रवाह (ग) | २,७०७,२००.०० | ३,३१७,८००.०० |
| कुल गतिबिधिबाट नगद प्रवाह (क+ख+ग) | (५६,६८७,२८४.०३) | २५,२८५,३२३.८६ |
| शुरु नगद तथा बैंक मोज्दात | १६४,३००,५४७.७३ | १३९,०१५,२२३.८७ |
| चालु आ.ब. अन्तको नगद तथा बैंक मौज्दात | १०७,६१३,२६३.७० | १६४,३००,५४७.७३ |

अनुसुचि १ देखि १६ सम्म वासलातका अभिन्न अंगहरु हुन् ।

संलग्न हाम्रो आजकै मितिको प्रतिवेदनका आधारमा

चन्द्र प्रसाद निरौला
प्रमुख कार्यकारी अधिकृत
मितिः २०८२/०५/१६

भरत अर्याल
कोषाध्यक्ष

अरुण डंगोल
सचिव

अमूल श्रेष्ठ
अध्यक्ष

आई.यू. एण्ड कम्पनी
लेखापरीक्षक

# ट्रेड वचत तथा ऋण सहकारी संस्था लि.

## लाजिम्पाट, काठमाडौ

वासलात सम्बीन्ध अनुसुचिहरु आ.ब. २०८१/२०८२

**शेयर पूर्जी** टिप्पणी १

| बिबरण | रकम यसबर्ष | रकम गतबर्ष |
|---|---|---|
| गत बर्षको मौज्दात | ३७,७७९,५००.०० | ३४,४६१,७००.०० |
| यस बर्ष थप | २,७०७,२००.०० | ३,३१७,८००.०० |
| **जम्मा** | **४०,४८६,७००.००** | **३७,७७९,५००.००** |

**कोष विवरण** टिप्पणी २

| बिबरण | रकम यसबर्ष | रकम गतबर्ष |
|---|---|---|
| जगेडा कोष | २७,०३५,६४३.५४ | २२,८२०,१२४.०२ |
| जम्मा संरक्षित पूँजी तथा सहकारी प्रवर्द्धन कोष | १,२०९,५८३.२५ | १,१०६,३७८.४४ |
| अन्य अनिवार्य कोषहरु | ३,६६८,४३९.१९ | ४,२४४,२३५.३६ |
| **जम्मा** | **३१,९१३,६६५.९७** | **२८,१७०,७३७.८२** |

**बचत तथा निक्षेप** टिप्पणी ३

| बिबरण | रकम यसबर्ष | रकम गतबर्ष |
|---|---|---|
| नारी वचत | १६५,४४२.८० | ५६८,८२०.५३ |
| साधारण वचत | १३,३५३,२२३.८४ | १५,०२३,२४३.७७ |
| स्पेशल वचत | १८२,४२३,७२७.५७ | १७४,८३९,५६१.३७ |
| नियमित बचत | १,११६,९२६.६२ | ४१४,४८०.०२ |
| बाल बचत | १७,५५३.३६ | १६,६४१.२७ |
| आवधिक बचत | ३६९,१९०,९७८.३४ | ३२७,५४५,४९४.७९ |
| **जम्मा** | **५६६,२६७,८५२.५३** | **५१८,४०८,२४१.७५** |

| चन्द्र प्रसाद निरौला<br>प्रमुख कार्यकारी अधिकृत<br>मितिः २०८२/०५/१६ | भरत अर्याल<br>कोषाध्यक्ष | अरुण डंगोल<br>सचिव | अमूल श्रेष्ठ<br>अध्यक्ष | आई.यू. एण्ड कम्पनी<br>लेखापरीक्षक |
|---|---|---|---|---|

# ट्रेड वचत तथा ऋण सहकारी संस्था लि.

## लाजिम्पाट, काठमाडौ

